# तुर्माखाँद गाउँपालिकाको गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री विमला कुमारी शाही द्वारा प्रस्तुत आर्थिक बर्ष २०८२/०८३ को आय र व्ययको अनुमान

## (बजेट वक्तव्य)

## तुर्माखाँद गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश,नेपाल

*२०८२ साल असार १० गते*

**Web site:www.turmakhadmun.gov.np**
**Email: ito.turmakhadmun@gmail.com**

# तुर्माखाँद गाउँपालिकाको आ.व. २०८२।०८३ को आय र व्ययको अनुमान
## (बजेट वक्तव्य)

***सभाध्यक्ष महोदय,***

***गाउँ सभाका सदस्यहरु,***

यस गरिमामय गाउँ सभामा नेपालको संविधानको धारा २३० बमोजिम तुर्माखाँद गाउँपालिकाको आ.व. २०८२/०८३ को आय र व्ययको अनुमान प्रस्तुत गरिरहँदा सर्वप्रथम देश र जनताको वृहत्तर हितका निम्ति आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

***सभाध्यक्ष महोदय,***

नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र आ.व.२०८२।०८३ को बजेट तथा कार्यकम तर्जुमाको सम्बन्धमा नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शन, सोह्रौं योजना, दिगो विकास लक्ष्य, स्थानीय भौगोलिक तथा जनसांख्यिक अवस्था,  नीति तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

***सभाका अध्यक्षज्यू,***

***गाउँ सभाका सदस्यज्यूहरु,***

**अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटका मुलभूत उद्धेश्यहरु प्रस्तुत गर्न चाहान्छु।**

१) गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको माद्यमद्धारा स्वस्थ, सुसँस्कृत, प्रतिष्पर्धी र प्रविधिमैत्री जनशक्तिको विकास गर्ने।

२) विकासका बहु आयामिक क्षेत्रमा सन्तुलित विनियोजन र सन्तुलित विकास गर्ने।

३) गुणस्तरीय, दिगो विकासमैत्री, जनसहभागितामूलक समावेशी विकासका क्रियाकलापहरु संचालन गर्ने।

४) व्यवसायिक र प्रतिस्पर्धि कृषकहरुको पहिचान,सुचिकरण र सम्मान गर्ने तथा कृषि क्षेत्रको विविधिकरण र व्यसायिकरणद्वारा उत्पादन र उत्पादकत्व वृद्वी गर्ने,

५) सबै जाति, भाषा, धर्म,समूदायको पहिचान प्रचार प्रसार गर्दै सबै किसिमका बिभेदको अन्त्य गर्ने,

६) पर्यटकिय क्षेत्रको पहिचान,प्रवर्द्धन तथा पर्यटन पूर्वाधार निर्माण गर्ने,सडक सञ्जालको विस्तार गर्दै आन्तरिक कनेक्टिभिटी विस्तार गर्ने र दिगो र गुण्स्तरिय भौतिक पूर्वाधार निर्माण गर्ने,

७) दक्ष, प्रतिस्पर्धी, अनुशासीत, सहयोगी र जनमुखी कर्मचारीको विकास र सूचना प्रविधिको प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहमा सुदृढीकरण गर्ने,

***सभाध्यक्ष महोदय,***

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई प्राथमिकता निर्धारण गरिएको छ ।

**क) शिक्षा,**

१. शैक्षिक सुधार सँगै गाउँपालिका भित्र शैक्षिक पूर्वाधार विकास निर्माणको लागि बिभिन्न विद्यालयका भवनहरुको निर्माणका साथै मर्मत सम्भारको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ।

२. विद्यालय शिक्षा अनुदान, शिक्षक दरबन्दी मिलान, शिक्षकहरुको क्षमता विकास, सिपविकास तथा विद्यालय सुधार योजनाको कार्यक्रम सञ्चालन गरिनेछ। उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थिहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छ।

**ख) स्वास्थ्य**

१. नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक हकको सम्मान गर्दै स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पुर्वाधार विकास तथा आवश्यक स्वास्थ्य उपकरण र प्रविधियुक्त स्वास्थ्य सेवाको व्यवस्थापन गरिनेछ।

२. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी लगायत सम्पूर्ण कर्मचारी, समूदाय स्तरमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरिनेछ। सबै नागरिकमा गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य विमा तथा घरदैलो स्वास्थ्य परिक्षणको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

**ग) यूवा तथा खेलकुद**

१. प्रशिक्षणको माद्यमबाट खेलाडीहरुको शिप विकास तथा क्षमता विकास र खेलकुद प्रति आम नागरिकको चासो तथा आकर्षणको लागि पालिका स्तरमा नीजी क्षेत्रको साझेदारीमा खेलकुद मेलाको आयोजना गरिनेछ।

२. यूवाहरुलाई अनुशासित र आत्मनिर्भर बनाउन यूवा लक्षित कार्यक्रम सञ्चालन गरि सिप विकास तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**घ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

१. महिला,बालबालिका, दलित, जनजाती फरक क्षमता भएका व्यक्तिहरुका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। सबै स्थानमा लैङ्गिक समानता तथा समावेशीकरणको शिद्धान्त अवलम्बन गर्दै "**गर्भवती तथा सुत्केरी आमा सँग उपाध्यक्ष**" कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई बिभिन्न अनुदान वितरणका लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु।

## ङ) उद्योग तथा पर्यटन

१. आन्तरिक श्रोतलाई चलायमान बनाई राख्नको लागि पालिकामा विभिन्न उद्योग,व्यवसायहरुलाई प्रोत्साहान तथा अनुदानको व्यवस्था गरिनेछ र राजश्वका क्षेत्र पहिचान गरी आन्तरिक श्रोत अभिबृद्धि गरिनेछ।विभिन्न व्यवसाय गरिराखेका व्यवसायिहरुलाई व्यवसाय शिक्षा,कर शिक्षा लगायतका कार्यक्रमका लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु।

## च) कृषि तथा पशुपन्छि

१. रैथानी बालीको प्रवर्द्धन, कृषक पाठशाला तथा स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा फलफूलहरुको उत्पादनमा बृद्धि गर्न कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ र आवश्यक कार्यक्रम बनाई सञ्चालन गरिनेछ।माटो परिक्षण,परिचयपत्र वितरण समेतका कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

२. पशुपन्छि औषधी उपचार, पशुपन्छी खोप,पशु प्रयोगशाला संचालन,भैसी बाख्रा तथा कुखुरा पकेट क्षेत्र बिस्तारका साथै प्रर्वद्धनका कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## छ) सुशासन तथा संस्थागत प्रबन्ध

३. गाउँपालिकामा दर्ता भएका सहकारीलाई नियमनका साथै संस्थागत क्षमता अभिबृद्धी गरिने छ।

४. सुसाशन तथा संस्थागत क्षमता बिकासका लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

५. जनसंख्या बृद्धी संगै कृषियोग्य जमिनमा हुने खण्डिकरणलाई नियन्त्रण गर्न आवासिय बस्ती बिस्तार गर्न आवश्यक बजेटको ब्यबस्था गरेको छु ।

६. सबै वडामा सडक सञ्चालन जोडी बिद्युत बिस्तार गर्न सम्बन्धित निकायसँग समन्वय,सहकार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु

***सभाध्यक्ष महोदय,***

**अब म चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रमको संशोधित आम्दानी र खर्चको शारांस पेश गर्न चाहान्छु।**

**<u>आय तर्फः</u>**

| क्र.सं. | स्रोत समुह | स्रोत | २०८१/०८२ को अनुमान | वास्तविक आय | आय प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण अनुदान | ९,१३,००,०००।- (९ करोड १३ लाख) | ८,३७,७६,६८०।— (८ करोड ३७ लाख ७६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हजार ६ सय ८०) | |
| २ | संघीय सरकार | शसर्त अनुदान चालु | २५,५९,९५,०००।- (२५ करोड ५९ लाख ९५ हजार ) | २५,५९,९५,०००।— (२५ करोड ५९ लाख ९५ हजार) | |
| ३ | संघीय सरकार | शसर्त अनुदान पुँजीगत | १०,००,०००।– १० लाख | १०,००,०००।— (१० लाख) | |
| ४ | संघीय सरकार | विषेश अनुदान पुँजीगत | 0 | ० | |
| ५ | संघीय सरकार | समपुरक अनुदान | ५०,००,०००।- ५० लाख | ५०,००,०००।— (५० लाख) | |
| ६ | संघीय सरकार | राजस्व बाँडफाँड | ११,०६,००,००० ।- ११ करोड ६ लाख | ९,८५,००,०००।— (९ करोड ८५ लाख) | |
| ७ | प्रदेश सरकार | शसर्त अनुदान | २,१३,००,००० ।- २ करोड १३ लाख | २,१३,००,००० ।- २ करोड १३ लाख | |
| ८ | प्रदेश सरकार | समानिकरण अनुदान | ७९,४४,००० ।- ७९ लाख ४४ हजार | ७९,४४,०००।— (७९ लाख ४४ हजार) | |
| ९ | प्रदेश सरकार | विषेश अनुदान पुँजीगत | ७५,००,००० ।- ७५ लाख | ६७,०८,४२१।— (६७ लाख ८ हजार ४ सय २१) | |
| १० | प्रदेश सरकार | समपुरक अनुदान | ९५,००,०००।- ९५ लाख | ३०,९१,०५३।— (३० लाख ९१ हजार ५३) | |
| ११ | प्रदेश सरकार | राजस्व बाँडफाँड | २४,८७,०००- २४ लाख ८७ हजार | १९,७५,०००।— (१९ लाख ७५ हजार | |
| १२ | आन्तरिक राजश्व | आन्तरिक स्रोत | ३५,००,०००।- ३५ लाख | २४,००,०००।— (२४ लाख) | |
| १३ | गत आ व को अल्या | आन्तरिक स्रोत | २,०७,०००।- २ लाख ७ हजार | २,०७,०००।- २ लाख ७ हजार | |
| | **जम्मा** | | **५१,७१,७९,६९७**।- ५१ करोड ७१ लाख ७९ हजार ६ सय ९७ | (४७,७०,८४,८५४।— ४७ करोड ७० लाख ८४ हजार ८ सय ५४) | ९२.२४% |

यसरी हालसम्मको स्थितिमा प्रस्तावित आय भन्दा ७.७६% प्रतिशतले आम्दानीमा कमी भई आगामी आर्थिक वर्षका लागि थप दायित्व सृजना हुने समेत देखिन्छ।

**यसै गरी चालु आर्थिक वर्षको क्षेत्रगत रुपमा हालसम्मको व्ययको(२०८२ असार ५ गतेसम्म) अवस्था यस प्रकार रहेको छ।**

**व्यय तर्फः**

| क्र.सं. | क्षेत्रगत शीर्षक | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,३२,४२,२४३।– (२ करोड ३२ लाख ४२ हजार २ सय ४३) | १,५०,५४,९०२।– (१ करोड ५० लाख ५४ हजार ९ सय २) | ६४.७७ |
| २ | सामाजिक विकास | ३२,६०,२३,५४७।– (३२ करोड ६० लाख २३ हजार ५ सय ४७) | २१,३१,९५,६०७।– (२१ करोड ३१ लाख ९५ हजार ६ सय ७) | ६५.३९ |
| ३ | पूर्वाधार विकास | ६,२८,०३,३५०।– (६ करोड २८ लाख ३ हजार ३ सय ५०) | ४,०५,५१,११४।– (४ करोड ५ लाख ५१ हजार १ सय १४) | ६४.५६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५९,३८,६३५।– (१ करोड ५९ लाख ३८ हजार ६ सय ३५) | ८२,९६,४०९।– (८२ लाख ९६ हजार ४ सय ९) | ५२.०५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ८,९१,७१,९२३.३३।– (८ करोड ९१ लाख ७१ हजार ९ सय २३ दशमलव ३३) | ६,६४,१६,८४५.८४।– (६ करोड ६४ लाख १६ हजार ८ सय ४५ दशमलव ८४) | ७४.४८ |
| जम्मा | | ५१,७१,७९,६९७.३।– (५१ करोड ७१ लाख ७९ लाख ६ सय ९७ दशमलव ३) | ३४,३५,१४,८७८.६३।– (३४ करोड ३५ लाख १४ हजार ८ सय ७८ दशमलव ६३) | ६६.४२ |

**अब म आगामी आ.व. २०८२।०८३ को लागि गाउँ कार्यपालिकाबाट पारित भएको देहाय बमोजिमको संक्षिप्त अनुमानित आय विवरण पेश गर्दछु।**

## आर्थिक वर्ष २०८२।८३ को अनुमानित आयको विवरण

| क्र.सं. | स्रोत समुह | स्रोत | २०८२/०८३ को अनुमान | रु अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण अनुदान | ९,८३,००,०००।- | ९ करोड ८३ लाख | |
| २ | संघीय सरकार | शसर्त अनुदान चालु | २५,७९,००,०००।— | २५ करोड ७९ लाख | |
| ३ | संघीय सरकार | शसर्त अनुदान पुँजीगत | ६०००००।- | ६ लाख | |
| ४ | संघीय सरकार | विषेश अनुदान पुँजीगत | १,६३,००,०००।- | १ करोड ६३ लाख | |
| ५ | संघीय सरकार | समपुरक अनुदान | १,२५,००,०००।- | १ करोड २५ लाख | |
| ६ | संघीय सरकार | राजस्व बाँडफाँड | ११,०८,००,०००।- | ११ करोड ८ लाख | |
| ७ | प्रदेश सरकार | शसर्त अनुदान(पुजिगत) | ३०,००,०००।- | ३० लाख | |
| ८ | प्रदेश सरकार | समानिकरण अनुदान | ८५,२५,०००।- | ८५ लाख २५ हजार | |
| ९ | प्रदेश सरकार | विषेश अनुदान पुँजीगत | ० | ० | |
| १० | प्रदेश सरकार | समपुरक अनुदान(पुँजिगत) | ५०,००,०००।- | ५० लाख | |
| ११ | प्रदेश सरकार | राजस्व बाँडफाँड | ३३,३३,०००।- | ३३ लाख ३३ हजार | |
| १२ | आन्तरिक राजश्व | आन्तरिक स्रोत | ४०,००,०००।- | ४० लाख | |
| १३ | गत आ व को अल्या | आन्तरिक स्रोत | १,००,०००।- | १ लाख | |
| **जम्मा** | | | **५२,०३,५८,०००।-** | **५२ करोड ३ लाख ५८ हजार** | |

***सभाध्यक्ष महोदय,***

***गाउँसभाका सदस्यहरु,***

अव म आगामी आ.व. २०८२।०८३ को लागि गाउँ कार्यपालिकाबाट पारित भएको देहाय बमोजिम संक्षिप्त विषय क्षेत्रगत उपक्षेत्र अन्तर्गत देहाय बमोजिको कूल **बाउन्न करोड तिन लाख अन्ठाउन्न हजार रुपैंया** विजियोजन गरिएको प्रस्ताव पेश गर्दछु ।

| आ .व.२०८२/०८३ को क्षेत्रगत बजेट | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र उप/क्षेत्र | विनियोजन रु अंकमा | रु अक्षरमा | कैफियत |
| **१** | **आर्थिक विकास** | **१,४०,००,०००।-** | **१ करोड ४० लाख** | |
| १ | कृषि | ४०,००,००० | ४० लाख | |
| २ | उद्योग | २,००,००० | २ लाख | |
| ३ | पर्यटन | ९,००,००० | नौ लाख | |
| ४ | सहकारी | २,००,००० | २ लाख | |
| ५ | जलश्रोत तथा सिंचाई | ३२००००० | ३२ लाख | |
| ६ | पशुपन्छी विकास | ४४००००० | ४४ लाख | |
| ७ | भूमि व्यवस्था | १००००० | १ लाख | |
| ८ | वन, वातावरण तथा विपद व्यवस्थापन | १०००००० | १० लाख | |
| **२** | **सामाजिक विकास** | **३२,६०,००,०००।-** | **३२ करोड ६० लाख** | |
| १ | शिक्षा | २५,००,००,००० | २५ करोड | |
| २ | स्वास्थ्य | ६,००,००,००० | ६ करोड | |
| ३ | खानेपानी तथा सरसफाई | ६६,००,००० | ६६ लाख | |
| ४ | भाषा तथा संस्कृति | ९,००,००० | ९ लाख | |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ४०,००,००० | ४० लाख | |
| ६ | युवा तथा खेलकुद | २५,००,००० | २५ लाख | |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २०,००,००० | २० लाख | |
| **३** | **पूर्वाधार विकास** | **७,२०,००,००० ।-** | **७ करोड २० लाख** | |
| १ | यातयात पूर्वाधार | ३,५०,००,००० | ३ करोड५० लाख | |
| २ | भवन, आवास तथा सहरी विकास | ३,५०,००,००० | ३ करोड ५० लाख | |
| ३ | उर्जा | १८००००० | १८ लाख | |
| ४ | पुननिर्माण | २,००,००० | २ लाख | |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **५०,००,००० ।-** | **५० लाख** | |
| १ | तथ्यांक प्रणाली | २०,००,००० | २० लाख | |

| | | | | |
|---|---|---|---|---|
| २ | गरिबी निवारण | २०,००,००० | २० लाख | |
| ३ | वित्तीय सुशासन | १०,००,००० | १० लाख | |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१०,३३,५८,०००।-** | **१० करोड ३३लाख ५८ हजार** | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | **१०,३३,५८,०००।-** | **१० करोड ३३लाख ५८ हजार** | |
| **कुल जम्मा** | | **५२,०३,५८,०००।-** | **५२ करोड ३ लाख ५८ हजार** | |

***गाउँसभा अध्यक्षज्यू,***

***गाउँसभा सदस्यहरु,***

**अव म आगामी आर्थिक वर्ष २०८२।८३ को बजेटमा समेटीएका मुख्य मुख्य योजना तथा कार्यक्रम पेश गर्दछु।**

- दैनिक सार्वजनिक सेवा प्रवाहलाई सरल,सहज र जनमैत्री वनाउन सोही बमोजिमको भौतक संरचना आवश्यक रहने कुरालाई मनन गर्दै तुर्माखाँद गाउँपालिका वडा नं ५ को कार्यालय भवन निर्माण गर्न रु १ करोड ५० लाख विनियोजन गरेको छु।
- समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार प्रवर्द्धन कार्यक्रमका लागि रु. १ करोड ६३ लाख विनियोजन गरेको छु।त्यसैगरी पोषणमैत्री शासन प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि रु.३० लाख ४० हजार विनियोजन गरेको छु।
- सडक सञ्चालको विस्तारिकरण गर्दै आन्तरिक कनेक्टिभिटी विकास गर्न भुलु रहफ सडक निर्माणका लागि रु ६० लाख तथा अन्य सडक निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको प्रशासकीय भवन र १० शैया अस्पताल निर्माण कार्यको पूर्णताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- किशोर किशोरी स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- महिला स्वास्थ्य स्वयमंसेविका कार्यक्रम सञ्चालन तथा महिला स्वयमंसेवीका प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- रैथाने बाली प्रवर्द्धन तथा सुन्तला विशेष कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार आर्थिक सहायताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,दिवा खाजा,निशुल्क छात्रवृत्ति लगायतका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

***"अन्तमा, आ.व. २०८२।०८३ को राजश्व र व्ययको अनुमान तर्जुमामा सहयोग पुऱ्याउने र रचनात्मक सुझावहरु दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संस्था शिक्षक बुद्धिजिवी नागरिक समाज, समाजसेवी लागायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेटको कार्यान्वयनमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु।"***

***धन्यवाद !!!***